"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८३/०८४

चलानी नम्बरः-

जोगवुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल।

कर्मचारी आवश्यकता सम्बन्धी सूचना!

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०८/०४ गते)

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०७/२० गते बसेको बैठकको निर्णयानुसार यस नगरपालिकाबाट भूमि व्यवस्थापन सम्बन्धी सेवा प्रवाहको व्यवस्था गर्न भूमि व्यवस्थापन शाखा सञ्चालनका लागि तपसिलबमोजिमको पदमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले तपसिलबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायको विवरणसहित दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र.सं.	विज्ञापन नं.	पद	सेवा, समूह	तह	माग संख्या	न्यूनतम शैक्षिक योग्यता
१.	०५-२०८३/८४	नापी अधिकृत	इन्जिनियरिङ्ग, सर्भे	सातौं वा सो सरह	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट Geomatics Engineering वा सम्बन्धित सर्भे विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
२.	०६-२०८३/८४	अमिन	इन्जिनियरिङ्ग, सर्भे	चौथो वा सो सरह	१	उत्तीर्ण मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ SLC/SEE वा सो सरह उत्तीर्ण गरी सर्भे वा Geomatics विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको।

१. **आवेदन दस्तुरः** नापी अधिकृत पदका हकमा रु.१,२००।- (एक हजार दुई सय) र अमिन पदका लागि रु. ५,००।- (पाँच सय) मात्र। आवेदन दस्तुर परशुराम नगरपालिकाको राजस्व शाखामा वा Local Level Portal (LLRP) मार्फत परशुराम नगरपालिका राजस्व संकेत नं. १४२२४, **राजस्व शीर्षकः परीक्षा शुल्कमा** जम्मा गरेको सक्कलै भौचर पेस गर्नुपर्नेछ।

२. **उम्मेदवारको उमेर हदः** नापी अधिकृतको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र अमिनको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (तर महिला उम्मेदवारका हकमा ४० वर्ष ननाघेको)।

३. **आवश्यक कागजातहरूः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषद्बाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी दुई प्रति पासपोर्ट साईजको फोटोसहित आफुले आवेदन दिन चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदनसहित स्वास्थ्य

प्रमुख प्रशासकीय अधिकृत

शाखामा पेस गर्नुपर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनोट प्रक्रियामा समावेश गरिनेछैन।

४. **परीक्षाको किसिमः** लिखित (बहुवैकल्पिक प्रश्न) र अन्तर्वार्ता।

५. **छनौट प्रक्रियाः** लिखित चरणबाट उत्तीर्ण भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरण तथा अन्तर्वार्ता परीक्षामा समावेश गरिनेछ। अन्तिम चरणमा पुगेका उम्मेदवारहरूमध्ये लिखित र अन्तर्वार्ता परीक्षामा प्राप्त गरेको कुल अंकका आधारमा सबैभन्दा उच्च प्राप्तांक हासिल गर्ने उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिनेछ।

६. **दरखास्त बुझाउने स्थानः** परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालढुंगा, जोगबुडा, डडेल्धुरा।

७. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०८/१८ गतेभित्र भौतिक रूपमा कार्यालयमा उपस्थित भएर वा कार्यालयको इमेल (info@parshurammun.gov.np) मार्फत कार्यालय समयभित्र बुझाउन सकिनेछ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

८. **पाठ्यक्रमः** सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगबाट नापी अधिकृत वा सो सरह पद र अमिन पदका लागि स्वीकृत पाठ्यक्रम।

९. **दरखास्त फारामको ढाँचाः** यसै सूचनासँग संलग्न गरिएको छ।

१०. **परीक्षा केन्द्र, मिति र समयः** पछि सूचनामार्फत जानकारी गराइनेछ।

११. **तलब तथा सेवा सुविधाः** प्रचलित नियमानुसार।

१२. **सम्पर्क कर्मचारीः** अन्य जानकारीका लागि परशुराम नगरपालिकाका अमिन श्री विष्णु सिंह बोहरा (फोनः ९८४२१९७५०५) लाई सम्पर्क गर्न सकिनेछ।